(६८६) ३४८

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २६२/२०७१/०७२

निर्णय नं.३१८

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, काठमाण्डौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल.............................................................१ निवेदक

विरूद्ध

जिल्ला शिक्षा अधिकारी (कार्यालय प्रमुख), जिल्ला शिक्षा कार्यालय, धनुषा.....................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, धनुषा ................................................१

विषय :- तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भै हाल फ्रिडम फोरम, थापाथली, पो.व.नं. २४२९२ काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला शिक्षा कार्यालय, धनुषा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०१।८ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगबाट मिति २०७१।०९।१३ मा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भएको । उपर्युक्त अवस्था पछि लामो समयसम्म पनि निवेदकले सूचना पाइन भन्न नआएकोले भविष्यमा निजले सूचना प्राप्त नभएको भनी उजूरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुँदा हाललाई प्रस्तुत मिसिल तामेलीमा राखिएको छ । पुनरावेदनको लगत तामेलीमा दर्ता गरि राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम् ।